*Siddhajyoti Interdisciplinary Journal (SIJ)*
Vol. IV, January, 2023
(A Peer Reviewed Open Access Research Journal)
ISSN: 2645-8381
Published by Research Management Cell, Siddhajyoti Education Campus, Sindhuli
https://www.nepjol.info/index.php/sij

# दिव्योपदेशपूर्वका सनद, तमसुक तथा सम्झौता सम्बन्धी अभिलेखहरूको सर्वेक्षण

**डा. यमनाथ तिमिल्सिना**

**Article History**: ***Received:*** 30 June 2022; ***Reviewed:*** 30 November 2022; ***Accepted:*** 10 December 2022

**लेखसार**

*यो आलेख दिव्योपदेशपूर्वका सनद, तमसुक तथा सम्झौतासम्बन्धी अभिलेखहरूको सर्वेक्षणमा केन्द्रित रहेको छ । पुस्तकालयबाट द्वितीयक सामग्री सङ्कलन गरेर आवश्यक विषय पहिचान गरिएको हो । यहाँ निगमनात्मक तथा वर्णनात्मक विधिलाई अवलम्बन गरिएको छ । आलेखलाई छोटो-छरितो बनाउने क्रममा सूत्रात्मक शैली अपनाइएको छ । अनुसन्धेय विषय ऐतिहासिक तथा भाषिक भएकाले विषयविज्ञको सुझावलाई पनि समेटिएको छ । विषयको सार खिच्दा आगमनात्मक विधिलाई पछ्याइएको छ । खारी प्रदेशका राजा नागराज कर्णाली प्रदेशको जुम्लास्थित सिंजामा आई खसराज्य स्थापना गरेको र तिनैका वंशज वा नागरिकहरूले खस भाषामा अभिलेख लेख्न लगाएको तथ्यलाई यहाँ प्रस्तुत गरिएको छ । वि.सं. १४९७ देखि सनद, तमसुक तथा सम्झौता भएका अभिलेख टङ्कण गर्न लागेको ऐतिहासिक तथ्यलाई देखाउँदै त्यसपछिको दिव्योपदेशपूर्वका अभिलेखलाई विषयक्षेत्र पहिचान गर्दै अभिलेखको महत्त्व स्थापित गरिएको छ । अग्रज विद्वान्हरूको कार्यको सूत्रात्मक विवरण प्रस्तुत गर्दै अध्ययन हुन बाँकी विषय पहिचान गरी अध्ययनलाई व्यवस्थित र भरपर्दो बनाइएको छ । सम्बन्धित अभिलेखहरूको स्रोतविवरण आधिकारिक बनाउन लेखन समय, अभिलेखको नाम, शोधकर्ता, कृति र पृष्ठसमेत समावेश गरी तालिका पेस गरिएको छ । समग्र सामग्रीलाई तीन भागमा विभाजन गरी उपशीर्षकमा प्रस्तुत गरिएको छ- जग्गा प्रदान गरिएका सनदहरू, लेनदेनका तमसुकहरू र दुई पक्षका बिच भएका सम्झौताहरू । सनद, तमसुक तथा सम्झौतापत्रका माध्यमबाट राजामहाराजा तथा विशिष्ट व्यक्तित्वहरूले 'भूमिदान महादान' भन्ने मूल मन्त्र अघि सार्दै धनसङ्ख्या र धर्मसङ्ख्या गरी चार किल्ला तोकेर जमिनदान गरेको र त्यसले समाजलाई सकारात्मक प्रभाव पारेको तथ्यलाई निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ ।*

**शब्दकुञ्जी :** अभिलेख, इजर, कटक, कर्जा, तमसुक, वितलप, सनद ।

## विषय प्रवेश

भाषा आयोगको प्रतिवेदनअनुसार नेपालमा बोलचालका र साङ्केतिक गरी जम्मा १२९ ओटा भाषा प्रयोगमा छन् । बोलचालका भाषामध्ये नेपाली भाषा नेपालको सबैभन्दा बढी जनसङ्ख्याले मातृभाषाका रूपमा प्रयोग गर्ने र मातृभाषा दोस्रो हुनेले पनि सम्पर्क भाषाका रूपमा प्रयोग गर्ने भाषा हो । नेपालको राज्य सञ्चालनको भाषा र पठनपाठनको भाषा पनि नेपाली नै हो । नेपालका राष्ट्रभाषामध्ये सबैभन्दा विकसित र लामो लेख्य परम्परा भएको भाषा पनि नेपाली नै हो । नेपाली भाषा लामो समयसम्म बोलचालमा मात्र सीमित रह्यो भने यसले पहिलो पटक वि.सं. ११५१ मा लेख्य रूप प्राप्त गर्‍यो । बामु खड्काको स्तम्भ लेख (वि.सं. ११५१) लाई नेपाली भाषाको पहिलो अभिलेख मानिन्छ । यहीबाट नेपाली भाषाको लेखन कार्य अगाडि बढ्दै आएको छ ।

*Copyright 2023 © Author(s) This open access article is distributed under a Creative Commons Attribution-NonCommercial 4.0 International (CC BY-NC 4.0) License.*

मानसरोवर क्षेत्र अर्थात् खारी प्रदेशका राजा नागराजले हिउँदमा विचरण गर्ने ठाउँ कर्णाली प्रदेशको जुम्ला जिल्लास्थित सिंजा उपत्यकालाई राजधानी बनाएर खसराज्यको स्थापना गरेका हुन् । नागराजका वंशज र आदिपालहरूले खसराज्यमा बोलिने खस (नेपाली) भाषालाई राजकीय मान्यता दिए । आफूले गरेका महत्त्वपूर्ण कुरा, राजाज्ञा, धर्मरक्षा, सीमारक्षा, भूमिदान, सन्धि-सम्झौता, निर्देशन आदिमा खस राजाहरूले शिलालेख, ताम्रपत्र, कनकपत्र, भोजपत्र आदिमा संस्कृत, तिब्बती र खस भाषामा अभिलेख टङ्कण गर्न लगाएको पाइन्छ । त्यस समयमा विद्वान्हरूको भाषा संस्कृत थियो भने बौद्धमार्गीहरूको भाषा तिब्बती थियो ।खसराज्यका जनसाधारणको भाषा खस भएकाले तीन वटै भाषालाई स्थान दिइएको पाइन्छ (खनाल, २०६८, पृ. १४) । राज्यका नीति नियम जनसाधारणले बुझ्ने गरी खस भाषामा लेखिएको बुझिन्छ । त्यसबेलाका विद्वान् भनेका पण्डित वा ज्योतिष हुन् । तिनै पण्डित वा ज्योतिषलाई लेख्न लगाएर टमोटामार्फत राजकीय महत्त्वका विषय शिला, तामा आदिमा टङ्कण गर्न लगाइएको पाइन्छ । विद्वान्ले लेखेबमोजिमको भाषा ढुङ्गा वा तामाका पातामा खोप्न नजानेर र नेपाली भाषाको लेख्य रूप विकसित नभएकाले टङ्कणमा निकै समस्या देखिन्छ । विद्वान्हरूले महत्त्व नदिएको तर खस राजाले मान्यता दिएकाले जनबोली खस भाषाले अभिलेखन कार्यमा महत्त्व पाउँदै आयो ।

यहाँ प्राप्त अभिलेखलाई विषयक्षेत्रका आधारमा तीन भागमा विभाजन गरी अध्ययन गरिएको छ- जग्गा प्रदान गरिएका सनदहरू, लेनदेनका तमसुकहरू, दुई पक्षका बिच भएका सम्झौताहरू । यस आलेखमा सबैभन्दा बढी जग्गा प्रदान गरिएका सनदहरू रहेका छन् । यस्ता सनदहरूमा काम गरेबापत जग्गा उपभोग गर्नु, धनसङ्ख्या र धर्मसङ्ख्या गरी जग्गा दिनु, कर्जा लिएर जग्गा दिनु, कुश सङ्कल्प गरी जग्गा दिनु, मूल्य तोकेर जग्गा दिनु, वितलय विर्ता दिई दरबारमुखी बनाउनु, सःशुल्क बिन्ती गरेपछि वन, खेत प्राप्त हुनु जस्ता विषयलाई समेटिएको छ । शक्तिब्रह्मको ताम्रपत्र (१४९७), भान शाहीको ताम्रपत्र (१५८६), गणेश, यशु र फुगु जैसीको ताम्रपत्र (१६४७), विक्रम शाहीको ताम्रपत्र (१६७७), पहाडी शाहीको ताम्रपत्र (१७०५), केहरिनारायण शाहको पत्र (१७४१), वीरभद्र शाहीको ताम्रपत्र (१७६१), अडै भुम र मलै भुमको लिखत (१७७९), श्रीकृष्ण उपाध्यायको लिखत (१७९०), सत्यधन शाहको ताम्रपत्र (१८०६), कीर्तिबम मल्लको ताम्रपत्र (१८२८), पृथ्वीनारायण शाहको पत्र (१८२९) र छिनासिम र जस्थानको व्यवहार (१८३०) लाई सर्वेक्षण गरी विषयक्षेत्र तोक्ने र महत्त्व स्थापित गर्ने काम यहाँ गरिएको छ । त्यसैगरी लेनदेनका तमसुकहरूमा पृथ्वीपति शाहको तमसुक (१७२२), चन्द्रप्रभावतीदेवीको लिखत (१७८७), पृथ्वीनारायण शाहको पत्र (१८२९) र बहादुर शाहको रुक्कापत्र (१८३१) लाई समावेश गरिएको छ । त्यसरी नै दुई पक्षका बिच भएका सम्झौताहरूमा सुर्ती शाहीको ताम्रपत्र (१६३८), वीरभद्र शाहीको ताम्रपत्र (१७२३), पृथ्वीपति शाहको लिखत (१७७३), पृथ्वीनारायण शाहको रुक्कापत्र (१८२५), गोर्खा-जाजरकोट धर्मसन्धि (१८२५), कृष्ण शाहको अभिलेख (१८२५) र तराईतिरको सन्धि विग्रह (१८३१) लाई यहाँ समेटिएको छ ।

यस आलेखमा बामु खड्काको स्तम्भ लेख (वि.सं. ११५१) देखि दिव्योपदेश (वि.सं. १८३१) को प्रकाशनपूर्वका अभिलेखहरूको अध्ययन गरी व्यक्ति तथा राजा महाराजाहरूले गरेका सन्धि-सम्झौतासम्बन्धी अभिलेखलाई पहिचान तथा सङ्कलन गरेर त्यहाँ भित्रको विषयक्षेत्र के कस्तो छ भनी सर्वेक्षण गरिएको छ । वि.सं. १४९७ को शक्तिब्रह्मको ताम्रपत्रदेखि वि.सं. १८३१ को सिद्धिनारायण शाहको धर्मपत्रसम्मका अभिलेखहरूलाई यस आलेखको अध्ययनक्षेत्र बनाइएको छ ।

खसराज्यका राणाहरूले राजकीय मान्यता दिएर खस भाषालाई अभिलेखन कार्यमा प्रवेश गराए । विभिन्न विषयका अभिलेख राख्ने क्रममा खस राजा तथा विशिष्ट व्यक्तित्वहरूले सन्धि-सम्झौताका विषय समेटी अभिलेख टङ्कण गराएका छन् । अग्रज विद्वान्हरूले अभिलेख सङ्कलन गरी प्रकाशमा ल्याए तापनि तिनको विषयक्षेत्र छुट्याई महत्त्व स्थापित गराएका छैनन् । सन्धि-सम्झौतासम्बन्धी छुट्टै विषयमा कुनै अध्ययन नभएकाले यही समस्यालाई आधार मानी यो आलेख अगाडि बढाइएको हो ।

अध्ययनका समस्यालाई केन्द्रमा राखी तिनको उचित समाधान गर्न निम्न उद्देश्य प्रस्तुत गरिएको छ -

(क) दिव्योपदेशपूर्वका सनद, तमसुक तथा सम्झौतासम्बन्धी अभिलेखहरू पहिचान गरी तिनको सर्वेक्षण गर्नु,

(ख) उक्त अभिलेखहरूको विषयक्षेत्र पहिचान गरी महत्त्व स्थापित गर्नु ।

## अध्ययनको विधि

यस आलेखमा आवश्यक सैद्धान्तिक ज्ञान, विषयक्षेत्र पहिचान अनिसनद, तमसुक तथा सम्झौताको महत्त्व स्थापित गर्न पुस्तकालयको प्रयोग गरिएको हो । पुस्तकालयबाट द्वितीयक स्रोतको प्रयोग गरी दिव्योपदेशपूर्वका सनद, तमसुक तथा सम्झौतासम्बन्धी अभिलेखहरूको सङ्कलन गरियो । सङ्कलित सामग्रीलाई कहीँ निगमनात्मक तथा कहीँ आगमनात्मक विधिका माध्यमबाट विश्लेषण गरिएको छ । त्यसरी नै अभिलेखका विषयक्षेत्र पहिचान गरियो अनि ती अभिलेखहरूको के महत्त्व छ भनी प्रस्ट्याइयो । भूमिदानसम्बन्धी दुई पक्षका बिच भएको सम्झौता, धर्मरक्षासम्बन्धी सम्झौता, पैसा लेनदेनका तमसुक, दुई राज्य मिलाइएकाले कहिल्यै झगडा नगर्ने सर्तनामा, ऋण लिए दिएको विवरण, पैसा लिएर जग्गा वा राज्य सुम्पेका प्रमाण, सामान लिएर राज्य दिएको प्रसङ्ग, युद्धमा राम्रो गर्नेको प्रशंसा गरेको,सन्धि विग्रह गरेका जस्ता विषयक्षेत्रका सनद, तमसुक तथा सम्झौतालाई वर्णनात्मक विधिका माध्यमबाट प्रस्ट्याइएको छ । अध्ययनमा अस्पष्टता भएका ठाउँमा विषयविज्ञहरूको सल्लाहलाई पनि उपयोग गरिएको छ ।

दिव्योपदेशपूर्वका सनद, तमसुक तथा सम्झौतासम्बन्धी अभिलेखहरूको सर्वेक्षण यस आलेखको अध्ययनक्षेत्र हो । वीर स्तम्भ, राजा तथा विशिष्ट व्यक्तिहरूले जारी गरेका निर्देशन तथा जानकारी, वाङ्मय ग्रन्थहरू, कर नलाग्ने गरी प्रदान गरिएका जग्गा दान, राज तिलकका समयमा दक्षिणास्वरूप दिइएका विर्ता आदिलाई यस आलेखमा समेटिएको छैन । दिव्योपदेशपछिका सनद, तमसुक तथा सम्झौता पनि यस आलेखका सीमा हुन् । दिव्योपदेशपूर्वका सनद, तमसुक तथा सम्झौतासम्बन्धी अभिलेखहरूको भाषिक सर्वेक्षण गरी तिनको विषयक्षेत्र पहिचान गर्दै उक्त अभिलेखको सामाजिक महत्त्व स्थापित गर्ने कार्यमा मात्र यो आलेख केन्द्रित गरिएको छ ।

## पूर्वकार्यको समीक्षा

अग्रज विद्वान् तथा अनुसन्धाताहरूले छरिएर रहेका अभिलेखहरूलाई सङ्कलन गरी कृतिका रूपमा प्रकाशित गरेका छन् । कुनै अनुसन्धाताले अभिलेखको मूल पाठ दिई भावार्थ पनि प्रस्तुत गरेका छन् भने कुनैले खासखास शब्दको अर्थ मात्र दिएका छन् । दिव्योपदेशपूर्वका सनद, तमसुक तथा सम्झौतासम्बन्धी नेपाली अभिलेखलाई सङ्कलन गरी तिनको विवेचना गरेको भने पाइँदैन । भेटिएका नेपाली अभिलेखलाई सङ्कलन गरी प्रकाशित गरेको भने पाइन्छ ।सनद, तमसुक तथा सम्झौतासँग सम्बन्धित नेपाली अभिलेखलाई पाठका रूपमा उतार गर्ने व्यक्ति र कृतिहरू यसप्रकार छन् :

सर्वप्रथम सान्धि-सम्झौतासम्बन्धी नेपाली अभिलेखलाई प्रकाशमा ल्याउने काम योगी नरहरिनाथबाट भएको हो । योगीले 'इतिहास प्रकाश २:१' (वि.सं. २०१२।०१३) मा भानशाहीको ताम्रपत्र (वि.सं. १५८६), सुर्ती शाहीको ताम्रपत्र (वि.सं. १६३८), जुम्ला सिजादराको अभिलेख (१६४४), गणेश, यशु र फगु जैसीको अभिलेख (१६४७), विक्रमशाहीको ताम्रपत्र (१६७७) प्रकाशित गरेका छन् । त्यसैगरी योगीले 'इतिहास प्रकाशमा सन्धिपत्र सङ्ग्रह' (२०२२) मा रुद्र शाहको पत्र (१७३०), पृथ्वीपति शाहको भर्पाई (१७७२), पृथ्वीपति शाहको लिखत (१७७३), गोर्खा-जाजरकोट धर्मसन्धि (१८२५), तराईतिरको सन्धिविग्रह (१८३१) जस्ता अभिलेखहरू प्रकाशित गरेका छन् । उक्त दुवै कृतिमा अभिलेखको मूल पाठ दिइएको छ । अन्य पक्षको अध्ययन गरिएको छैन ।

धनवज्र बज्राचार्य र टेकबहादुर श्रेष्ठले 'इतिहास संशोधनको प्रमाण प्रमेय' (२०१९) मा श्रीकृष्ण उपाध्यायको लिखत (१७९०), गङ्गाधर भण्डारीको लिखत (१८०३), 'नुवाकोटको ऐतिहासिक रूपरेखा'

(२०३२) मा पृथ्वीनारायण शाहको पत्र (१८०६), बहादुर शाहको रुक्कापत्र (१८३१), 'शाहकालका अभिलेख' (२०३७) मा कीर्तिवम मल्लको ताम्रपत्र (१८२९) प्रकाशित गरेका छन् । उक्त कृतिमा पनि अभिलेखको मूल पाठ मात्र दिइएको छ ।त्यहाँ अभिलेखको भाषिक तथा समाजशास्त्रीय कुनै पनि विषयको चर्चा गरिएको छैन ।

बालकृष्ण पोखरेल 'पाँच सय वर्ष' (२०२०) मा अडैभूमर मलै भूमको लिखत (१७७९), पृथ्वीनारायण शाहको पत्र (१८२९) चारोटा प्रकाशनमा ल्याएका छन् । पोखरेलले जटिल शब्दको अर्थ प्रस्तुत गरेका छन् । अभिलेखको विषयक्षेत्र र महत्त्वमाथि प्रकाश पारेका छैनन् ।

ईश्वर बरालले 'सयपत्री' (२०३०) मा पृथ्वीपति शाहको तमसुक (१७२२), जयप्रकाश मल्लको पत्र (१८०६), श्रीकृष्ण शाहको अभिलेख (१८२५), सिद्धिनारायण शाह र कीर्ति महोद्दाम शाहमाफको धर्मपत्र (१८३१), 'सयपत्री' (२०४६) मा बहादुर शाहको रुक्का (१८३१) प्रकाशित गरेका छन् । त्यहाँ पनि सन्धि-सम्झौतासम्बन्धी व्याख्या विवेचना गरिएको पाइँदैन ।

पूर्णप्रकाश नेपाल 'यात्री' ले 'सेतीका तारा' (२०३४) मा शक्तिब्रह्मको ताम्रपत्र (१४९७) प्रकाशित गरेका छन् । त्यहाँ पनि मूल पाठ मात्र दिइएको छ । त्यसैगरी कृष्णचन्द्र पोखरेलले 'पोखरेलको वंशावली' (२०४२) मा अभिमानसिंहको अभिलेख (१८३०) प्रस्तुत गरेका छन् । त्यहाँ कुनै विवेचना गरिएको छैन । सूर्यमणि अधिकारीले 'पश्चिम नेपालको ऐतिहासिक अन्वेषण' (२०४३) मा वीरभद्र शाहीको ताम्रपत्र (१७६१) र कालु भाटको पत्र (१८२८) प्रकाशित गरेका छन् । त्यहाँ पनि अधिकारीले मूल पाठ मात्र पेस गरेका छन् । त्यसैगरी कुलप्रसाद कोइरालाले 'कोइराला वंशावली' (२०४४) मा पृथ्वीनारायण शाहको पत्र (१८२८) प्रस्तुत गरेका छन्, व्याख्या विवेचना गरेका छैनन् । त्यसरी नै राजाराम सुवेदीले 'गुल्मीको ऐतिहसिक झलक' (२०५५) मा सत्यधन शाहको ताम्रपत्र (१८०६) प्रकाशित गरेका छन् । त्यहाँ पनि अभिलेखको मूल पाठ मात्र प्रस्तुत गरिएको छ ।

यमनाथ तिमिल्सिनाले आफ्नो विद्यावारिधि शोधप्रबन्ध 'नेपाली अभिलेखीय शब्दको अध्ययन' (२०६३) मा सन्धि-सम्झौतासम्बन्धी समेत गरी अन्य अभिलेख पनि सङ्कलन गरेका छन् तर त्यहाँ पनि कुनै विश्लेषण गरिएको छैन । केवल शब्दार्थबोध मात्र गराइएको छ । त्यसरी नै विदुर चालिसेले विद्यावारिधि शोधप्रबन्ध 'अभिलेखीय नेपाली व्याकरणको इतिहास' (२०६३) मा अभिलेख सङ्कलन गरेका छन् । व्याकरणका हिसाबले अध्ययन गरिएको छ तर सन्धि-सम्झौताको चर्चा गरिएको छैन ।त्यसरी नै वासुदेव पाण्डेयले 'लोकायन'वर्ष १, अङ्क १ (२०६५), पहाडी शाहीको ताम्रपत्र (१७०५) प्रकाशित गरेका छन् ।त्यहाँ पनि कुनै व्याख्या विवेचना गरिएको छैन ।

योगी नरहरिनाथदेखि वासुदेव पाण्डेयसम्मको अध्ययनलाई हेर्दा सनद, तमसुक तथा सम्झौतासम्बन्धी अभिलेखहरूको विषयक्षेत्र निर्धारण गरी त्यसको महत्त्वमाथि प्रकाश पारिएको पाइएन । सबै अग्रज विद्वान्हरूले सबै खालका नेपाली अभिलेखहरूको सङ्कलन गरी मूल पाठ मात्र प्रस्तुत गरेको भेटियो । तसर्थ विषयक्षेत्र निर्धारण गरी उक्त अभिलेखहरूको महत्त्वमाथि विश्लेषण आवश्यक देखिएकाले यो आलेख अगाडि बढाइएको हो ।

## नेपाली अभिलेखसम्बन्धी अवधारणात्मक ढाँचा

नेपाली भाषालाई अभिलेखहरूमा खस भाषा वा खस कुरा, जुम्ली भाषा, सिंजाली भाषा, पर्वते भाषा, गोर्खाली भाषा आदि भनिएको पाइन्छ । सुरुमा खस भाषाको नाम पाएको नेपाली भाषाको सम्बन्ध भारोपेली भाषा परिवारसँग जोडिएको छ । भारोपेली भाषा परिवारको सतम् वर्गअन्तर्गत आर्येली शाखाबाट संस्कृत-प्राकृत-अपभ्रंश हुँदै नेपाली भाषाको उत्पत्ति भएको हो । इसाको पाँचौँ शताब्दीदेखि दसौँ शताब्दीसम्म खस प्राकृतको विकाससँगै खस अपभ्रंश बन्यो । त्यही खस अपभ्रंशबाट नेपाली भाषाको जन्म दसौँ शताब्दीतिर भएको मानिन्छ । चटर्जीका अनुसार नेपाली भाषा आर्य भाषाको उत्तरी हिमाली भेदबाट विकसित भएको प्राकृत हुँदै खस अपभ्रंशबाट उद्‌भव भएको पूर्वी पहाडी भाषा (खस भाषा) हो (चटर्जी,

१९१६, पृ. ६-९) । नागराजका वंशज आदित्य मल्ल, पुण्य मल्ल, पृथ्वी मल्ल आदिले खस भाषामा अभिलेख टङ्कण गर्न लगाए । नेपाली भाषाको पहिलो अभिलेख वामु खड्काको स्तम्भ लेख (वि.सं. ११५१) हो । यहीँबाट नेपाली भाषाले लेख्य रूप ग्रहण गरेको पाइन्छ । सनद, तमसुक तथा सम्झौतासम्बन्धी अभिलेख भने वि.सं. १४९७ मा शक्तिब्रह्मको ताम्रपत्रका रूपमा देखापरेको छ । त्यसपछि पनि झट्टै त्यस्ता अभिलेख भेटिएनन् । लगभग सत्रौ शताब्दीदेखि नेपाली भाषामा सनद, तमसुक तथा सम्झौता गरिएका अभिलेखहरू लेखिएका पाइन्छन् । शक्तिब्रह्म, भान शाही, पृथ्वीपति शाह, कृष्ण उपाध्याय, पृथ्वीनारायण शाह जस्ता व्यक्तित्वहरूबाट सनद, तमसुक तथा सम्झौतासम्बन्धी अभिलेख लेख्न लगाइएको पाइन्छ ।

अभिलेख भनेको सुनतामाका पाता वा ढुङ्गा आदिमा कुनै महत्त्वको विषय लेखिएको वा कपिएको लेखका साथै विविध महत्त्वको सामग्री भएको प्राचीन लेख हो । तसर्थ यहाँ अभिलेख भन्नाले दिव्योपदेशपूर्वका नेपाली भाषामा लेखिएका ताम्रपत्र, शिलापत्र, कनकपत्र, सन्धिपत्र आदिलाई बुझाउँछ । आधुनिक आर्य भाषाको अहिलेसम्म पाइएको सबैभन्दा पुरानो दसौँ शताब्दीको चन्द वरदाईको 'पृथ्वीराज रासउ' हो (वि.सं. १८७२, पृ. १५-१६) । नेपाली भाषामा भने बाह्रौँ शताब्दीदेखि मात्र अभिलेख लेख्ने गरेको पाइन्छ । बाह्रौँ शताब्दीदेखि दिव्योपदेशपूर्वका नेपाली भाषामा लेखिएका अभिलेखहरूको सङ्कलन तथा अध्ययन गरेर सनद, तमसुक तथा सम्झौतासम्बन्धी अभिलेखहरूलाई मात्र छनोट गरी त्यहाँ प्रयोग भएको भाषा, विषयक्षेत्र र सामाजिक प्रभावलाई हेर्ने काम यहाँ गरिएको छ ।

## सनद, तमसुक तथा सम्झौतासम्बन्धी नेपाली अभिलेखहरूको नतिजा र विश्लेषण

खस जातिका मानिसहरू रूसको घाँसे मैदानमा बस्थे, भेडा पाल्थे अनि घोडा सवारमा निपुण थिए । तिनै खसहरू सुविधाको खोजीमा रुस छोडेर विस्तारै पूर्वतिर सर्न थाले । इ.पू. २५०० तिर खस र शक लगायतका सबै भारोपेली जाति फिरन्तेका रूपमा पूर्वी युरोपबाट मध्यएसियामा आएका थिए (साङ्कृत्यायन, २०१३, पृ. ५२-५३) । पित्तल युग (इ.पू. १७००-८००) मा खसहरू मध्यएसियाको सिन्च्याङ अर्थात् तरिम उपत्यकामा बस्थे । हूणहरूको विस्तारले गर्दा खसहरूले त्यो ठाउँ पित्तल युगको अन्त्यतिर छोड्नुपर्‍यो (पोखरेल, २०५६, पृ. ४) । महाभारत काल (इ.पू. ९००) मा खसहरू वर्तमान पश्चिम तिब्बतको कैलाश मानसरोवर क्षेत्रमा बस्थे । महाभारत सभापर्वमा युधिष्ठिरको राजसूय यज्ञमा खसहरू पिपीलिका सुवर्णसँग चमर र मह लिएर कैलास पर्वतबाटै उपस्थित भएका थिए (जोशी, १९८४, पृ. १४-१५) ।

मानसरोवरमा दरबार बनाई नागराज राज्य गर्दथे । नागवंशका व्यक्तिहरू हिउँदमा कर्णाली प्रदेशतिर घुमफिर गर्न आउँथे । त्यसैक्रममा नागराजले कर्णाली प्रदेशको जुम्लास्थित सिंजा उपत्यकालाई राजधानी बनाई खसराज्यको स्थापना गरे (अधिकारी, २०५५, पृ. १) । त्यसपछि कर्णाली प्रदेशमा खससाम्राज्यको एकछत्र शासन कायम रह्यो । खससाम्राज्यका शासकहरूले खस भाषामा अभिलेख लेख्न लगाए । अभिलेखमा संस्कृत, तिब्बती र खस (नेपाली) भाषाको प्रयोग गरी सर्वप्रथम नेपाली भाषाप्रति राजकीय आदर प्रदर्शन गरे (यात्री, २०५३, पृ. ४९-५०) ।

नेपाली भाषामा लेखिएको पहिलो अभिलेख वामु खड्काको स्तम्भ लेख (वि.सं. ११५१) हो । नेपाली भाषाले लेख्य रूप ग्रहण गरेदेखि पन्ध्रौँ शताब्दीसम्म नेपाली भाषामा सन्धि-सम्झौता भएका अभिलेख लेखिएको पाइएन । वि.सं. १४९७ बाट बल्ल नेपाली भाषामा सनद, तमसुक तथा सम्झौता सम्बन्धी अभिलेख लेख्न थालिएको पाइन्छ । सनद भनेको तत्कालीन समयमा राजामहाराजाको हुकुमको तोक लेखिएको सानो पत्र वा सानो पत्रमा टिप्पणी लेखी थिति बाँधिने एक प्रकारको ऐन वा शासनपत्र हो । सनदलाई रुक्का पनि भनिन्छ । कुनै कामको निकासापुकासा वा बन्दोबस्तका बारेमा दिइने सरकारी आज्ञापत्र वा राजाज्ञाको प्रमाण नै सनद हो । ऋणीले साहूलाई आफूले ऋण लिएको प्रमाण स्वरूप लेखिदिने कागतलाई तमसुक भनिन्छ । असामी र साहूका बिचको लेनदेनसम्बन्धी प्रमाणको लिखत नै

तमसुक हो । विभिन्न व्यक्ति, समूह वा देशका बिचमा कुनै विषयका सम्बन्धमा गरिने सन्धिलाई नै सम्झौता भनिन्छ । कलझगडाको निकास दिँदा वा दुई पक्षका बिच कुनै विषयमा यो यो कुरा गर्ने र यो यो कुरा नगर्ने भनी समझदारी कायम गरी लेखिने कागतलाई सम्झौता भन्ने गरिन्छ ।

तालिका नं. १. *नेपाली भाषामा लेखिएका सनद, तमसुक तथा सम्झौतासम्बन्धी अभिलेखहरूको आधिकारिकता*

| क्र.सं. | लेखन समय (वि.सं.) | अभिलेखको नाम | शोधकर्ता | कृति | पृष्ठ |
|---|---|---|---|---|---|
| १. | १४९७ | शक्तिब्रह्मको ताम्रपत्र | पूर्णप्रकाश नेपाल 'यात्री' | सेतीका तारा (२०३४) | २४७ |
| २. | १५८६ | भानशाहीको ताम्रपत्र | योगी नरहरिनाथ | इतिहास प्रकाश २:१ (२०१२।०१३) | १२२ |
| ३. | १६३८ | सुर्ती शाहीको ताम्रपत्र | योगी नरहरिनाथ | इतिहास प्रकाश २:१ (२०१२।०१३) | १२४ |
| ४. | १६४७ | गणेश, यशु र फुगु जैसीको ताम्रपत्र | योगी नरहरिनाथ | इतिहास प्रकाश २:१ (२०१२।०१३) | १२५ |
| ५. | १६७७ | विक्रम शाहीको ताम्रपत्र | योगी नरहरिनाथ | इतिहास प्रकाश २:१ ( २०१२।०१३) | १३२ |
| ६. | १७०५ | पहाडी शाहीको ताम्रपत्र | वासुदेव पाण्डेय | लोकायन | ११२ |
| ७. | १७२२ | पृथ्वीपति शाहको तमसुक | ईश्वर बराल | सयपत्री (२०३०) | ३८ |
| ८. | १७२३ | वीरभद्र शाहीको ताम्रपत्र | धनबज्र बज्राचार्य र टेकबहादुर श्रेष्ठ | नुवाकोटको ऐतिहासिक रूपरेखा (२०३२) | २२ |
| ९. | १७३० | रुद्र शाहको पत्र | योगी नरहरिनाथ | इतिहास प्रकाशमा सन्धिपत्र सङ्ग्रह (२०२२) | ५३ |
| १०. | १७४१ | केहरिनारायण शाहको पत्र | रामजी तिवारी र अन्य | ऐतिहासिक पत्र सङ्ग्रह दोस्रो भाग (२०२१) | १०-११ |
| ११. | १७६१ | वीरभद्र शाहीको ताम्रपत्र | सूर्यमणि अधिकारी | पश्चिम नेपालको ऐतिहासिक अन्वेषण (२०४३) | ४५ |
| १२. | १७७३ | पृथ्वीपति शाहको लिखत | योगी नरहरिनाथ | इतिहास प्रकाशमा सन्धिपत्र सङ्ग्रह ( २०२२) | ५४ |
| १३. | १७७९ | अडै भूम मलै भूमको लिखत | बालकृष्ण पोखरेल | पाँच सय वर्ष (२०२०) | १०३ |
| १४. | १७८७ | चन्द्रप्रभावतीको लिखत | धनबज्र बज्राचार्य | कन्ट्रिब्युसन टु नेप्लिज स्टडिज १०. १.२ (२०३९।०४०) | १११ |
| १५. | १७९० | श्रीकृष्ण उपाध्यायको लिखत | धनबज्र बज्राचार्य र टेकबहादुर श्रेष्ठ | इतिहास संशोधनको प्रमाण प्रमेय (२०२२) | ८८ |
| १६. | १८०३ | गङ्गाधर भण्डारीको लिखत | धनबज्र बज्राचार्य र टेकबहादुर श्रेष्ठ | इतिहास संशोधनको प्रमाण प्रमेय (२०२२) | ८८ |

| क्र.सं. | लेखन समय (वि.सं.) | अभिलेखको नाम | शोधकर्ता | कृति | पृष्ठ |
|---|---|---|---|---|---|
| १७. | १८०६ | सत्यधन शाहको ताम्रपत्र | राजाराम सुवेदी | गुल्मीको ऐतिहासिक झलक (२०५५) | १२१ |
| १८. | १८२५ | श्रीकृष्ण शाहको अभिलेख | ईश्वर बराल | सयपत्री (२०३०) | ४८-४९ |
| १९. | १८२५ | गोर्खा- जाजरकोट धर्मसन्धि | योगी नरहरिनाथ | इतिहास प्रकाशमा सन्धिपत्र सङ्ग्रह (२०२२) | ४ |
| २०. | १८२८ | पृथ्वीनारायण शाहको पत्र | कुलप्रसाद कोइराला | कोइराला वंशावली (२०४४) | ४४२ |
| २१. | १८२८ | कीर्तिबम मल्लको ताम्रपत्र | धनबज्र बज्राचार्य र टेकबहादुर श्रेष्ठ | शाहकालका अभिलेख ( २०३७) | ११३ |
| २२. | १८२९ | पृथ्वीनारायण शाहको पत्र | बालकृष्ण पोखरेल | पाँच सय वर्ष (२०२०) | १४९ |
| २३. | १८३० | छिनासिम राजस्थानको व्यवहार | योगी नरहरिनाथ | इतिहास प्रकाशन २:१ (२०१२) | १५७ |
| २४. | १८३१ | बहादुर शाहको रुक्कापत्र | धनबज्र बज्राचार्य र टेकबहादुर श्रेष्ठ | नुवाकोटको ऐतिहासिक रूपरेखा (२०३२) | ७५ |
| २५. | १८३१ | तराईतिरको सन्धि विग्रह | योगी नरहरिनाथ | इतिहास प्रकाशमा सन्धिपत्र सङ्ग्रह ( २०२२) | ७-११ |
| २६. | १८३१ | सिद्धिनारायण शाह र कीर्तिमहोद्दाम शाहमाझको धर्मपत्र | ईश्वर बराल | सयपत्री (२०३०) | ४८ |

स्रोत : (तिमिल्सिना, २०६३, पृ. १२-३१) र (चालिसे, २०७४, पृ. ४२२-५४१) ।

यस आलेखमा सुरुआतदेखि दिव्योपदेशपूर्वका सनद, तमसुक तथा सम्झौतासम्बन्धी अभिलेखहरूको सर्वेक्षण गरिएको छ । वि.सं. १४९७ देखि वि.सं. २०३१ सम्मका जम्मा २६ वटा अभिलेखलाई अध्ययनको क्षेत्र बनाइएको छ । यस्ता अभिलेखहरू विभिन्न राज्यका राजा तथा विशिष्ट व्यक्तित्वहरूले लेख्न लगाएको पाइन्छ ।'भूमिदान महादान' भन्दै धनसङ्ख्या (धन दिएर) र धर्मसङ्ख्या (धर्म गरेर) गरी चार किल्ला तोकेर जमिन दिएका सम्झौता पत्रहरू सबैभन्दा बढी छन् । दुई राज्य मिसाएका र टुक्र्याउन नपाइने सम्झौता पनि गरिएका छन् । विभिन्न सरसामान र वस्तुभाउ लिएर जग्गा दिएका प्रसङ्ग पनि अभिलेखहरूमा भेटिएका छन् । कर्जा (ऋण) लिएर त्यसको सट्टा जग्गा दिएको कुरा पनि अभिलेखमा पाइन्छ । युद्ध लड्दै गर्दा पैसा, हतियार नपुगेर मागेको अनि पैसा र हतियार युद्ध मैदानमा पठाएका कुरा पनि अभिलेखमा समेटिएका छन् । राजा महाराजालाई सौगात पठाएर, गुण लगाएर, मन जितेर, खुसी पारेर जमिन, वन, जागिर हात पारेका प्रसङ्ग पनि धेरै ठाउँमा छन् ।

यस्ता अभिलेखहरूमा केही साझा विशेषता रहेको पाइयो ।

'ॐ स्वस्ति' बाट अभिलेख सुर गरिएको पाइन्छ । 'ॐ' को अर्थ ब्रह्मा, विष्णु र महेश्वरको संयुक्त रूप मानिन्छ । 'स्वस्ति' को अर्थ कल्याण हुनु हो । तीन वटै देवताले सम्पूर्ण प्राणीको कल्याण गरून् भन्ने भावनाबाट अभिलेख सुरु गर्ने परम्परा देखिन्छ । त्यसपछि मिति शाकेमा प्रस्तुत गरेको पाइन्छ । शाकेमा १३५ वर्ष जोडेपछि वि.सं. हुन आउँछ । मिति लेख्दा साल, महिना, पक्ष, तिथि, बार सबै खुलाइएको पाइन्छ ।

'श्री शाके १५१२ वैक्षाष मासे दिनगता १५ सुक्लपक्ष ११पुन्नेतिथौ रविवासरे मुलनक्षेत्रे ...' (योगी, २०१२।०१३, पृ. १२५),

यसलाई यसरी अर्थ्याउन सकिन्छ- श्री शाके १५१२(वि.सं. १६४७) वैशाख महिना १५ गते शुक्लपक्ष एकादशी पुण्यतिथि आइतबारका दिन मूल नक्षेत्रमा ... । त्यसरी नै मिति खुलाएपछि सुरुमै संस्कृत भाषामा प्रशस्ति लेखिएको पाइन्छ ।

'स्वस्ति श्री गिरिराज चक्र चूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महाराजाधिराज श्रीमद् ...... साह देवानां सदा समर विजयिनाम' (तिवारी, २०२१, पृ. १०-११) ।

यसको नेपाली अर्थ यस्तो हुन्छ-सबैको कल्याण होस् । कान्तिले शोभायमान भएका पर्वतराज मण्डल (क्षेत्र) का शिरको मणि भएका, मनुष्यहरूका देवता कहलाएका, अनेक यश (कीर्ति) को पङ्क्ति वा समूहले सुशोभित भएका, सम्पूर्ण मानले उन्नत भएका महाराजाधिराज श्रीमान् ..... सधैँ युद्धमा विजयी होऊन् ।' प्रशस्ति भने कहीँ पूरा र कहीँ आंशिक देखिन्छ । बिच भागमा सम्झौताको विवरण पेस गरिएको पाइन्छ भने अभिलेखको अन्तिमतिर साँची र लेखकको नाम दिइएको भेटिन्छ । कुनै अभिलेखमा सम्झौता गरेको मुकाम पनि उल्लेख गरेको पाइन्छ । सम्झौता गरेबमोजिम व्यवहार नगरे वा नियम तोडेमा यस्तो हुन्छ भनी चेतावनी दिइएको हुन्छ-

'स्वदत्तां परदत्तां वा यो हरति वसुन्धरां षष्टिवर्ष सहस्राणि विष्टायां जायते कृमिः ।'

(भावार्थ : आफूले दिएको वा अर्काले दिएको पृथ्वी (भूमि) लाई जसले हरण गर्छ, ऊ साठी हजार वर्षसम्म विष्ठा (दिसा) मा किरो बन्दछ ।) अभिलेखको अन्त्यमा 'शुभम्' लेखेर सबैको राम्रो र शुभको कामना गरिएको पाइन्छ ।

विषयक्षेत्रका आधारमा सम्बन्धित र आवश्यक अभिलेखलाई जग्गा प्रदान गरिएका सनदहरू, लेनदेनका तमसुकहरू र दुई पक्षका बिच भएका सम्झौताहरू उपशीर्षकमा वर्गीकरण गरी तिनको महत्त्वमाथि प्रकाश पारिएको छ।

**जग्गा प्रदान गरिएका सनदहरू**

यस अध्ययनमा सबैभन्दा बढी जग्गा प्रदान गरिएका सनदहरू भेटिएका छन् । यस्ता सनदहरूमा काम गरेबापत जग्गा भोग गर्नु, धनसङ्ख्या र धर्मसङ्ख्या गरी जग्गा दिनु, कर्जा लिएर जग्गा दिनु, कुश सङ्कल्प गरी जग्गा दिनु, मूल्य तोकेर जग्गा दिनु, वितलप विर्ता दिई दरबारमुखी बनाउनु, सःशुल्क विन्ती गरेपछि वन,खेत पाउनु जस्ता विषयलाई समेटिएको छ ।

शक्तिब्रह्मको ताम्रपत्र (१४९७) मा 'भूमिदान महादान' भन्ने उक्ति राजाले चलाएको चलन हो, यसलाई सबैले मान्नु भनिएको छ । राजाको आज्ञा शिरोधार्य गर्नु सबैको धर्म हो, त्यसैले सबैले प्रेमपूर्वक नीति मान्छौँ भनी लेखिएको छ । यस सनदमा चार किल्ला नछुट्याई कुनै जग्गा देवी जोइसीलाई सिमाका चेलीका चेलाले दिनु भनिएको छ । भनेको नमाने गौहत्या, ब्रह्महत्याको पाप लाग्ने डर देखाइएको छ । लिखित साक्षी वसन्त जोइसी भनी सनद टुङ्ग्याइएको छ । देवी जोहसी र सिमाका सन्तान बिच राजाले सनद लेखेर आपसमा मिलाएर राखेको बुझिन्छ । जनतालाई मिलाएर राख्नु राजाको धर्म हो भनी राजा जनतामुखी हुनुपर्ने महत्त्व स्थापित गरिएको छ ।भान शाहीको ताम्रपत्र (१५८६) मा मनु पाध्याले मोतुवाको चोलो, पुवालाको घांग्रो, काफलको भाँडो भान शाहीको पाउमा राखी दिएपछि भानशाहीले मोतीपुरको २ आला (पानी लाग्ने खेत) दिएको सनद लेखिदिएका छन् । यस जग्गामा कसैले धर्म नछोड्नु भनी सचेत गराएका छन् । दिएपछि खोस्नु हुन्न भन्ने महत्त्व स्थापित गरिएको छ ।एउटालाई दिएको कुरा अर्काले खोस्न पाउने छैन भनिएको छ । यदि कसैले खोस्ने चेष्टा गऱ्यो भने राजाले आफ्नो वचन पूरा गर्नुपर्दछ भनी राजवचनको महत्त्व स्थापित गरिएको छ। कोही अन्यायमा नपरून् भन्ने सन्देश छ । त्यसैगरी गणेश, यशु र फुगु जैसीको ताम्रपत्र (१६४७) मा घर कर्जा लिई गणेश, यशु र फुगु जैसीले चार किल्ला तोकी आफ्नो वन राम पाध्या र कालु पाध्यालाई दिएका छन् । कर्जा लिई वन पाखो दिएकाले कसैले खोस्न

पाउने छैन भनी साँची राखी आफूले दिएको र पाध्याले पाएको कुरालाई पुष्टि गरेका छन् । लेनदेनमा सफा हुनुपर्ने कुरालाई महत्त्व दिइएको छ ।

विक्रम शाहीको ताम्रपत्र (१६७७) मा विक्रम शाहीले साइमल शाहीलाई निगाह गरी सीमा तोकी जग्गा दिएका छन् । विक्रम शाहीका शत्रु साइमल शाहीका पनि शत्रु हुने र मित्र पनि दुवैका हुने गरी सम्झौता गरेको पाइन्छ । विक्रम शाहीले २ मान्म (ठाउँ विशेष, राजधानी) साइमल शाहीलाई दिई मित्रता दरो पारेको महत्त्व स्थापित गरिएको छ । पहाडी शाहीको ताम्रपत्र (१७०५) मा पहाडी शाहीले चार किल्ला तोकेर ७ नाली (१ नाली बराबर ३ माना विजन) इजर (पाखो/खोरिया) कासी भटलाई दिएका छन् । त्यसैगरी चार किल्ला तोकेर केही खेत र वन जोगा भटलाई दिइएको छ । यसलाई कसैले खोस्न पाउने छैन भनिएको छ । यो कररहित दिइएको जग्गा नभई खुसी बनाए बापत सनद लेखिदिएको बुझिन्छ । केहरिनारायण शाहको पत्र (१७४१) मा राजा केहरिनारायणले श्री नारायणदास पाध्यासँग रु. २४००।- लिएर मनै खड्काले पाएको बेसीको खेत आम्बोद्या खेत बाँधा दिएको पाइन्छ । त्यस बेला राजा महाराजाहरूले कर्जा लिएर जमिन दिने चलन थियो । दिइएको जमिन कसैले नखोसोस् भनेर सनद लेखिएको बुझिन्छ । आफूले गरेको कामप्रति इमानदार हुनुपर्छ भन्ने मूल्य स्थापित गरिदिएको छ ।

वीरभद्र शाहीको ताम्रपत्र (१७६१) मा चन्द्रपाल रजवार र सालीमान रजवार, वेलकट्याल उपाध्याय, खन्टु छन्त्याल, शालिवम, शुरिवमका बिच झगडा नगर्ने गरी यो ठाउँ यसको हो भनी किटान गरी आदेश दिएका छन् । सरौको सीमामा बजुरालले निउँ खोजे जुम्ला महाराजले मानकोट खान पाउने छन् भनी उल्लेख गरिएको छ । सम्झौता विपरीत कसैले जग्गामा निहुँ खोजे ब्राह्मणले दरबारमा उजुरी गर्नु, राजाले मिलाउनु भन्ने व्यहोरा लेखिएको छ । कुड्याल र बजुरालले निहुँ खोजे भने खिर्पाटादेखि खेदी हाल्नु भनिएको छ । राजाले दिएको आदेश नमान्नेलाई त्यस देशमा बस्न नपाउने कुरा स्थापित गर्न खोजिएको छ ।

अडै भुम र मलै भुमको लिखत (१७७९) मा पिरती भुमले चार किल्ला तोकेर रनुकान्य कुसुम पाध्यालाई भूमि प्रदान गरेका छन् । धनसङ्ख्या र धर्मसङ्ख्या गरी यो जग्गा चलन गर्न भनी दिइएको छ । कुसुम पाध्याले पिरती भूमलाई अपलग घोडा १, गाजिना धान २, पुर्सो डाँफे १, च्याखुदो १, नुन धार्नी १, कोसेली डालो १ दिएकाले सिउमलको सेराखेत रामगादको दुवालो पाएको देखिन्छ । रामगादको दुवालो दक्षिण कर्नालीसम्म कसैले माछा मार्न नपाउने गरी रनुकान्यालाई दिएको जनाइएको छ । पिरती भूमले यिनीहरूबाट रु. ५२ लिएको उल्लेख गरिएको छ । श्रीकृष्ण उपाध्यायको लिखत (१७९०) मा श्रीकृष्ण उपाध्यायलगायत चारै भाइले महेन्द्र मल्ली रु. १६०१ कर्जा लिई ठुलो खेत घर घडेरीसमेत (नाम नखुलेको वा ...... रहेको) भोगचलन गर्न दियौँ भन्ने सनद लेखिएको पाइन्छ । गङ्गाघर भण्डारीको लिखित (१८०३) मा श्री धनजु र श्रीशिवनारायण भटले कुश सङ्कल्प गरी सुन्थकना बँसीको विजयाटारको दस रोपनी माटो श्रीगङ्गाघर भण्डारीलाई दिएको जनाइएको छ । धर्म कमाउने उद्देश्यले दाजुभाइ मिली जग्गा दिएको बुझिन्छ । यसैगरी सत्यधन शाहको ताम्रपत्र (१८०६) मा महाराज सत्यधन शाहले सिरपति पाध्यालाई असीमुरी तगुवाको खेत बाँधा दिएको जनाइएको छ । त्यसको लागि सिरपतिले रु. ३२४ दिएको उल्लेख गरिएको पाइन्छ ।

कीर्तिवम मल्लको ताम्रपत्र (१८२८) मा कीर्तिवम मल्लले चार किल्ला तोकेर नामुरंकोट्याको वन रु. ६५ लिई नामुरंकोटेलाई दिएको उल्लेख गरिएको छ । वनक्षेत्रको जग्गामा खेत बनाए पनि वनै जोगाए पनि नामुरंकोटेको खुसीले गर्न पाउने गरी सनद लेखिएको पाइन्छ । वन बेचे पनि नामुरंकोटेलाई अधिकार सुम्पिएको छ । यस ताम्रपत्रमा पैसा राखी विन्ती गरेपछि मागेको कुरा राजाले दिन्छन् भन्ने महत्त्व स्थापित गर्न खोजिएको छ । पृथ्वीनारायण शाहको पत्र (१८२९) मा कीर्तिपुरको लडाइँको प्रसङ्ग उल्लेख गरिएको छ । कालु पाँडेको बुद्धि र तरबारको जोरले कीर्तिपुर जितेको प्रसङ्ग अघि सार्दै पृथ्वीनारायण शाहले पाँडेलाई सिंवुको सेरोफेरो र धुलिखेल प्रदान गरेको प्रसङ्ग अघि सारिएको छ । जस्तैः

'उप्रान्त कालु पाँडे कीर्तिपुरमा पर्दा ३ सहर नेपाल अब मैले मार्न सकिन भनी मेरो मन हार्‍याको थियो । तिम्रो बुद्धि र तरबारका जोरले मार्‍याको हो । यसको मिहिनेत देखि तिमीलाई केही दिउँ भन्या यो आधा राज्य दिया पनि पुग्न्या छैन । सिंवुको सेरोफेरो र धुलिखेल तिम्रा संतान दर संतानतकले षानु भनी बक्स्यौं । तिमामका तिम्रा भाइ पर्दा बहुतै फिक्री लाग्यो, अब किराँत हान्नलाई भर तिम्रो छ' (पोखरेल, २०२०, पृ. १५०) ।

युद्धमा सफलता पाउन युद्धको कमाण्डरलाई खुसी पार्नुपर्छ भन्ने महत्त्व स्थापित गरिएको पत्र हो । यो राम्रो काम गर्ने इमान्दार व्यक्तिलाई प्रोत्साहित गर्नुपर्छ भन्ने मूल सन्देश यस पत्रले प्रदान गरेको छ । छिनासिम रमस्थानको व्यवहार (१८३०) मा श्रीसाहेब र देवा छायानाथकाबिच धर्मपत्र गरिएको पाइन्छ । जाड्याबुढा थापाले रु. ६०० दिई जुन जग्गा भोग गरेका थिए त्यस जग्गामा रु. ६०० थपेपछि जाड्याबुढाको चेलीका चेलाले पनि भोग गर्न पाउने छन् भनिएको छ । त्यस जग्गामा कसैले निहुँ खोज्न पाउने छैन भनी श्रीसाहेबले सनद लेखिदिएको पाइन्छ ।

अन्त्यमा राजाहरूले पैसा, सामान लिएर वा धर्मका खातिर व्यक्तिहरूलाई जग्गा दान गरेका सनदहरू टङ्कण गराएका र सम्झौता नतोड्न कडा निर्देशन जारी गरिएका अभिलेखहरूको सर्वेक्षण यस आलेखमा गरिएको छ ।

**लेनदेनका तमसुकहरू**

दिव्योपदेशपूर्वका अभिलेखहरूमा लेनदेन गरेका तमसुकहरू पनि अभिलेखमा टङ्कण गरिएका छन् । नेपाली भाषामा लेखिएको लेनदेनसम्बन्धी पहिलो तमसुक 'पृथ्वीपति शाहको तमसुक' (१७२२) हो । यो तमसुक छोटो भएकाले यसको मूल पाठ यहाँ प्रस्तुत गरिएको छ-

'आगे व्यास उपाध्याके लिहल रूपैया ३२० क अक्षेरेपि तिन सय विस भाषा सवाह कृष्ण साहीका समयको पुरानो मोहोर थियो र फेरि दियाको हो सवत् १७२२ भाद्र शुदि १० शुभं ।'

कृष्ण शाहीका समयको पुरानो मोहोर रु. ३२० व्यास उपाध्यायबाट लिएर पछि फिर्ता गरेको हो भन्ने सूचना यहाँ राखिएको छ । तमसुक कर्जा लिँदा मात्र होइन तिर्दा पनि लेखिँदो रहेछ भन्ने कुराको यो प्रमाण हो । लेनदेनमा स्पष्ट हुनुपर्छ भन्ने महत्त्व स्थापित गरिएको अभिलेख हो यो । त्यसैगरी रुद्र शाहको पत्र (१७३०) मा रुद्र शाहले पर्तिमान उपाध्यायबाट रु १२० कर्जा लिएका र त्यसको भाका म्यादभित्र ब्याज तिर्नुपर्ने कुरा उल्लेख गरिएको छ । व्याजमा पैसा लिने र हिसाबकिताब ठिक राख्नु पर्ने कुरालाई महत्त्व दिई यो पत्र लेखिएको पाइन्छ ।

चन्द्रप्रभावतीदेवीको लिखत (१७८७) मा ईश्वर पाध्यालाई २ जुर्‍या (झालेबाजा) अगाडि दिनु, त्यसको रु. ५४१ चुक्ता गरे भने पछाडि एउटा जुर्‍या उधारो पनि दिनु भनी चन्द्रप्रभावतीदेवीले कागज गरेको कुरा यहाँ लेखिएको छ । पहिला नगदमा कारोबार गरे भने पछि उधारो पनि दिन सकिन्छ भन्ने सन्देश यस कागजबाट प्राप्त गर्न सकिन्छ । 'आज नगद भोलि उधारो' भन्ने उक्तिलाई यसले सम्झाएको छ । पृथ्वीनारायण शाहको पत्र (१८२९) मा सरकारले कालु खड्काबाट सुन, तामा, सिसा, गैर नगद जिनिस सबै गरी रु. ४१५३ सापट लिएको हो भनिएको छ । यो कुरा पछि सम्झाउनु उनलाई तिरौंला भन्ने व्यहोराको लेनदेनको कागज पृथ्वीनारायण शाहले लेखिदिएको पाइन्छ । राजामहाराजाले आवश्यक पर्दा नगद वा सामान सापटी लिने र पछि तिर्ने गरेको प्रमाण यो पत्रमा भेटिन्छ । सरकारलाई पनि कर्जा लिनुपर्ने हुन्छ भन्ने सत्य यहाँ उद्घाटित भएको छ । बहादुर शाहको रुक्कापत्र (१८३१) मा बहादुर शाहले धौकलासिंहलाई रुक्का लेखी पठाइएको पाइन्छ । त्यस रुक्कामा साढे १२ रुपियाँ ज्ञानदेव धामीसँग सापटी मागी खर्च चलाएको उल्लेख गरिएको छ । चाँडो गरी उक्त साढे १२ रुपियाँ ज्ञानदेव धामीलाई तिरी दिनु भन्ने उल्लेख छ । गर्जमा सापट दिएकाले तुरुन्त सापटी फिर्ता गर्नुपर्छ, हामी नुवाकोट नआउँदै रकम फिर्ता गरिदेऊ भनी बहादुर शाहले इमान्दारी प्रस्तुत गरेका छन् । खाँचो टार्नेलाई समयमै रकम फिर्ता गर्नुपर्छ, ढिलो गर्नु हुँदैन भन्ने महत्त्व स्थापित गरिएको छ ।

अन्त्यमा, लेनदेनका तमसुक, सनद वा रुक्कामा बुझिने गरी सरसामान, रकम, वस्तु, जग्गा उल्लेख गरेर व्यवहारमा घटीबढी हुन नहुने कुरालाई पुष्टि गरिएको छ । गरेको व्यवहार जसका तस हुनुपर्ने तथ्यलाई विचार गरेर अभिलेख टङ्कण गर्न लगाइएको पाइन्छ ।

**दुई पक्षका बिच भएका सम्झौताहरू**

दिव्योपदेशपूर्वका नेपाली अभिलेखमा केही महत्त्वपूर्ण सम्झौतापत्रहरू टङ्कण गरिएका छन् । दुई पक्ष बसी आपसी मिलेमतोमा के के गर्ने र केके नगर्ने भन्ने विषयमा गहन छलफल गरी पछि फसाद नआओस् भनी सम्झौतापत्र तयार गर्ने गरेको पाइन्छ ।

सुर्ती शाहीको ताम्रपत्र (१६३८) मा राम पाध्याय र कालु पाध्या एक पक्ष अनि गणेशी जैसी, जगु जैसी र फुगु जैसी दोस्रो पक्षका बिच त्रिवेणीको आधाआधा पानी बाँड्ने गरी सम्झौता गरिएको छ वा धर्म जोडिएको पाइन्छ । बोको, पाठो काटी, दही चामल भिजाई गाउँघरमा बिलो र राजा सुर्ती शाहीलाई पाठाको सपेटो दिएर सम्झौता पक्का गरिएको भनिएको छ । नदीको पानी बाँड्दा वारिको बिगारी पारि (परलोक) को सपार्ने कुरा पनि उल्लेख गरिएको छ । कुनै पक्षले सम्झौता नतोडोस् भनी गाउँघरका मानिस साँची राखी राजालाई समेत जानकारी गराई काम पक्का गरिएको छ । कुनै पनि काम बलियो वा पछिसम्म तग्ने गरी गर्नुपर्छ भन्ने सन्देश यस तामपत्रले प्रदान गरेको छ। कामकुरा लुकीछिपी वा ढाँटछलले गर्नु हुँदैन, खुला र बलियो तबरले गर्नुपर्छ भन्ने महत्त्व स्थापित गरिएको छ । वीरभद्र शाहीको ताम्रपत्र (१७२३) मा वीरभद्र शाही र उनका भाइ देवाशदुल पावारका बिच सम्झौता गरिएको छ । देवाबाट कुत (जिन्सी सामान कर) उठाउँदा उनको सीमामाथि कटक (युद्ध) नगर्नु, आफ्नो हालखबर शत्रु पक्षलाई नदिनु, बरु मरी जानु भन्ने कुरा उल्लेख गरिएको छ । छिनासिम र तिपुरिकोट मिलाएर वा एक बनाएर राम्रो भएको छ । यसलाई टुटाउने फुटाउने काममा कुनै लाग्नु हुँदैन भनिएको छ । दुवै भाइ मिली राज्य एक बनाएर अघि बढ्दा शत्रुले केही गर्न सक्दैन भन्ने सत्य स्थापित गरिएको छ । (कटक) युद्धमा देशलाई पहरा दिएर जोगाउनु, कसैसँग तातो पिरो नगर्नु भनिएको छ । भलो हुने कुरा गर्नु, कुभलो हुने कुरा नगर्नु भनी लेखिएको छ ।

पृथ्वीपति शाहको लिखत (१७७३) मा श्रीमान् पृथ्वीपति शाहको सधैँ विजय भइरहोस् भन्ने मूल वाक्यसहित मानिक घलेलाई अजितगढमा जागिर दिने कुरा लेखी लिखत टुङ्ग्याइएको छ । राज्यमा छलफल हुँदा कसलाई जागिर कहाँ दिने भन्ने प्रसङ्गमा मानिक घलेलाई अजितगढमा जागिर दिने सम्झौता भएको कुरा लिखतले बोलेको पाइन्छ । पृथ्वीनारायण शाहको रुक्कापत्र (१८२५) मा राजाले कोइरालालाई यस वर्ष हाम्रो विवाह अडियो (खर्च पुगेन) तसर्थ तिमीहरूले वितलपदेखि परापूर्वका रितले खसी, बोका, घ्यूतेल, दही, सागपात, माछा गरी चैत्रका २५ गतेसम्म दर्बारमा ल्याइ पुऱ्याउनु भन्ने आदेश दिएको पाइन्छ । आदेश दिनुपूर्व राजा र कोइरालाका बिच सरसहयोग माग्ने र दिने विषयमा सम्झौता भएको बुझिन्छ । विवाहमा खर्च पुऱ्याउन जिन्सी सामान र पशुधन मागेको प्रसङ्ग उल्लेख गरिएको छ । राजाले कोइरालालाई वितलप (कर नतिर्ने गरी कमाएर खान दिएको जग्गा) दिएको हुँदा खाँचो हुँदा सहयोग मागेको कुरा यहाँ लेखिएको छ । कृष्ण शाहको अभिलेख (१८२५) मा कृष्ण शाह र भुवनेश्वरनाथका बिच सम्झौता भएको देखिन्छ । भुवनेश्वरनाथले जेठमा १ पाथी गहुँ र कार्तिकमा १ पाथी धान मौवा कार्की गाउँमा प्रत्येक घरसदस्यलाई दिने गरी सम्झौता भएको उल्लेख गरिएको छ ।

गोर्खा-जाजरकोट धर्मसन्धि (१८२५) मा विभिन्न देवीदेवता सम्झी गोर्खाका राजा पृथ्वीनारायण शाह र जाजरकोटका राजा हरि शाहका बिच एकले अर्काको कुभलो नचिताउने कुरामा सम्झौता भएको पाइन्छ । दुवै जना नदीमा पसी हातमा जल उठाई धर्मसम्झौता गरेको उल्लेख गरिएको छ । पृथ्वीनारायण शाहले जयप्रकाशलाई धपाई काठमाडौँको गद्दीमा बसेको र त्यहाँ हरि शाहले शङ्कर आचार्य र वलि आचार्य मार्फत घोडा, पगडी, दोसल्ला, कस्तुरीको विना, असर्फी पठाएको प्रसङ्ग सामेल गरिएको छ । बाइसी राज्यमा गोर्खाले लोभ नगर्ने र हरि शाहलाई सहयोग गर्ने कुरा उल्लेख गरिएको छ ।

यो सम्झौता तोडेमा महापाप लाग्ने कुरा लेखिएको छ । युद्धमा सबैलाई शत्रु बनाउनु हुँदैन, एकएक गरी कब्जा गर्नुपर्दछ भन्ने महत्त्व स्थापित गरिएको छ ।

तराईतिरको सन्धि विग्रह (१८३१) मा तराईतिरको भूमिनेपाल र अङ्ग्रेजले आफ्नो देशमा गाभ्ने वा आफ्नो बनाउने प्रयत्न भएको उल्लेख छ । पृथ्वीनारायण शाहले मकवानपुर कब्जा गरेपछि मकवानपुर ले दिने गरेको रकम ल्याउ भनी अजिमावादका बडा साहेब कौसलियाले मागे पछि दिनानाथ पाध्याले भनेबमोजिमका हात्ती दिने वचन दिए ।दुवैको राय मिल्यो, सम्झौता भयो । पछि नेपालले अङ्ग्रेजलाई दिने भनेको रकम वा हात्ती घटाउन खोज्यो ।कलकत्तामा नेपालले चिठी पत्र पठायो तर जवाफ नआउँदै कर्णसेन राजाले दस आना पैसा कम्पनीमा बुझाउँछु छ आना आफू खान्छु मेरो देश गोर्खाबाट छुट्याइदेऊ भनेको उल्लेख छ । कलकत्ताबाट पत्रको जवाफ नआउँदै कर्णसेनको मृत्यु भयो । त्यसपछि तराईतिरको सन्धि विग्रह भयो वा झगडा बाँकी नै रह्यो । गर्छु भनेको काम समयमै गर्नुपर्छ पछि गर्छु भन्दा काम अधुरै रहन्छ भन्ने सत्यलाई यहाँ प्रस्तुत गरिएको छ ।

अन्त्यमा, दुई पक्षका बिच भएका सम्झौताले बेइमानी गर्नु हुँदैन, भनेबमोजिम चल्नुपर्छ भन्ने महत्त्व स्थापित गराएका छन् । सम्झौताले दुवै पक्षलाई फाइदा पुऱ्याउने कुरा यहाँ देख्न सकिन्छ । सधैँ कोही बलियो रहँदैन, कमजोर हुँदा सम्झौताले मद्दत पुऱ्याउँछ भन्ने सत्यको उद्घाटन गरिएको पाइन्छ ।

## निष्कर्ष

दिव्योपदेशपूर्वका सनद, तमसुक तथा सम्झौतासम्बन्धी २६ वटा अभिलेखहरूलाई यस आलेखको अध्ययनक्षेत्र बनाइएको छ । राजा महाराजादेखि विशिष्ट व्यक्तिहरूबाट यस्ता अभिलेख टङ्कण गराइएको पाइन्छ ।

मानसरोवर क्षेत्र अर्थात् खारी प्रदेशका राजा नागराजले कर्णाली प्रदेशको जुम्लामा रहेको सिंजालाई राजधानी बनाएर खसराज्यको स्थापना गरे । उनैका वंशज वा नागरिकहरूले जनसाधारणको बोली खस भाषामा अभिलेख टङ्कण गराएर राजकीय मान्यता दिए । नेपाली भाषाको पहिलो अभिलेख बामु खड्काको स्तम्भ लेख (११५१) हो ।यहीँबाट नेपाली भाषाको लेख्य परम्पराको थालनी हुन पुग्यो । पन्ध्रौँ शताब्दीको अन्त्यतिर शक्तिब्रह्मको ताम्रपत्र सनदका रूपमा देखापरेको छ । त्यसपछि सोह्रौँ शताब्दीको अन्त्यतिरबाट दिव्योपदेशपूर्व अनेकौँ सनद, तमसुक तथा सम्झौतासम्बन्धी अभिलेखहरू प्राप्त भएका छन् ।

यस आलेखमा सनद, तमसुक तथा सम्झौतासम्बन्धी अभिलेखहरूको तालिका प्रस्तुत गरिएको छ । ती अभिलेखलाई योगी नरहरिनाथ, बालकृष्ण पोखरेल, ईश्वर बराल, पूर्णप्रकाश नेपाल 'यात्री', धनवज्र बज्राचार्य, टेकबहादुर श्रेष्ठ, वासुदेव पाण्डेय, रामजी तिवारी, सूर्यमणि अधिकारी, कुलप्रसाद कोइराला आदि विद्वान्हरूले प्रकाशमा ल्याएका छन् । अग्रज विद्वान्हरूको द्वितीयक सामग्री प्रयोग गरी यो आलेख तयार गरिएको हो ।

यस आलेखमा चौधोटा सनद (राजाको हुकुमी तोक लेखिएको कागत वा राजाज्ञाको प्रमाण) हरूको अध्ययन गरिएको छ । राजाले जग्गा प्रदान गरेका सनदहरूमा काम गरेबापत जग्गा भोगचलन गर्नु, धनसङ्ख्या र धर्मसङ्ख्या गरी जग्गा दिनु, कर्जा लिएर जग्गा दिनु, वितलप विर्ता दिनु, सशुल्क विन्ती गर्नेलाई वन, खेत आदि दिनु जस्ता कुरा समेटिएका छन् । राजा वा विशिष्ट व्यक्तिले गरेका कार्यलाई ऐन सरह मान्यता दिएरसनद लेखेको पाइयो । सनद गरी दिएको जग्गामा कसैले दावी गर्न नपाइने कुरा उल्लेख गर्दै कुनैले ऐन विपरीत काम गरेमा दण्ड हुने बेहोरा पनि लेखी समाजलाई व्यावहारिक हुन निर्देशन दिइएको पाइयो । कानुनी राज्य नहुँदा पनि सनदले कानुनसरह मान्यता पाउने गरेको ऐतिहासिक महत्त्वलाई यस्ता लिखतले प्रमाणित गरेका छन् । नियम विपरीत जोकोही पनि चल्न नपाउने कुरालाई यहाँ उल्लेख भएको भाषाले निर्देशन गरेको पाइन्छ । त्यस्तै यहाँ पाँचोटा तमसुकहरूको अध्ययन गरिएको छ । तमसुक तथा भरपाईमा कुन मितिमा कसले कोसँग कति रुपैयाँ वा सामान लिएको हो किटान गरि

एको पाइन्छ । कुनै व्यक्तिलाई कर्जा दिए बापत जग्गा दिएको, कुनै व्यक्तिलाई पछि तिर्ने बाचा गरेको र कुनै व्यक्तिले कर्जा चुक्ता गरेपछि भरपाई गरिदिएको तथ्य यहाँ प्रस्तुत गरिएको पाइन्छ । लेनदेन भुलिने हुनाले लिखत गरेपछि व्यवहारमा चल्न सजिलो हुने कुरालाई यस्ता अभिलेखले मार्गदर्शन गरेको बुझिन्छ । व्यवहारमा सफा भई आपसमा मित्रता राख्नुपर्ने कुराको महत्ता स्थापित गर्ने काम तमसुक तथा भर्पाईले गरेको पाइन्छ । त्यसैगरी यस आलेखमा सातोटा दुई पक्षका बिच भएका सम्झौताको अध्ययन गरिएको छ । दुवै पक्ष बसी आपसी सहमतिमा के के गर्ने र के के नगर्ने भन्ने कुराको सम्झौता गरेको पाइन्छ । सम्झौता गर्दा दुई पक्षका साथै साक्षी राखी सम्बन्धित क्षेत्रका मानिसलाई उपस्थित गराएर जानकारी दिँदै सम्झौताको विषयका बारेमा चर्चा गर्दै कुनै पक्षले पनि सम्झौता तोड्न नहुने कुरालाई अति महत्त्वका साथ अघि बढाइएको पाइन्छ ।

अन्त्यमा, यस्ता सनद, तमसुक तथा सम्झौतासम्बन्धी पत्रहरूले सामाजिक न्याय स्थापना गर्दै कोही कसैबाट ठगिन नहुने कुरालाई प्रमाणित गरेको पाइन्छ । यस्ता राजाज्ञा, भर्पाई तथा सन्धिसम्झौता पत्रहरूमार्फत जनसाधारणलाई नियममा बाँधी समाजलाई अग्रगति प्रदान गरिएको कुरा अभिलेखको अध्ययनबाट बुझ्न सकिन्छ । देशमा कानुन नहुँदा पनि नेपाली भाषामा लेखिएका सनद, तमसुक तथा सम्झौतापत्रका आधारमा राजामहाराजादेखि जनसाधारण सबै हिँड्नुपर्ने र नियम कसैले तोड्न नपाउने व्यवस्था बाँधी समाजलाई अघि बढाएको तथ्य नै यस आलेखको निष्कर्ष हो । यस्ता लिखतहरूबाट समाजमा ढाँटछल गर्न नहुने र भए गरिएको कुरालाई सबैले मान्नु पर्ने महत्तालाई स्थापित गरिएको पाइन्छ ।

## सन्दर्भ सामग्री सूची

अधिकारी, सूर्यमणि (२०४३), *पश्चिम नेपालको ऐतिहासिक अन्वेषण,* काठमाडौँ : नेपाल एसियाली अनुसन्धान केन्द्र ।

कोइराला, कुलप्रसाद (२०४४), *कोइराला वंशावली,* काठमाडौँ : कोइराला वंश प्रतिष्ठान ।

खनाल, मोहनप्रसाद (२०६८), *नेपाली भाषाका हजार वर्ष,* काठमाडौँ : राइनो पब्लिकेसन प्रा.लि. ।

चालिसे, विदुर (२०६३), *ऐतिहासिक अभिलेखका आधारमा नेपाली भाषाका व्याकरणात्मक तत्त्वमा क्रमिक विकासको अध्ययन,* विद्यावारिधि शोध प्रबन्ध, कीर्तिपुर, त्रिभुवन विश्वविद्यालय ।

तिमिल्सिना, यमनाथ (२०६३), *नेपाली अभिलेखीय शब्दको अध्ययन,* विद्यावारिधि शोधप्रबन्ध, कीर्तिपुर, त्रिभुवन विश्वविद्यालय ।

पाण्डेय, वासुदेव (२०६५), "डोटी क्षेत्रका ताम्रपत्रको सङ्कलन र अध्ययन", *लोकायन* वर्ष १ : अङ्क १ पृ. ९०-१८८ ।

पोखरेल, कृष्णचन्द्र (२०४२), *पोखरेलको वंशावली,* काठमाडौँ : कुवेरप्रसाद शर्मा पोखरेल ।

पोखरेल, बालकृष्ण (२०२०), *पाँचसय वर्ष,* ललितपुर : जगदम्बा प्रकाशन ।

पोखरेल, बालकृष्ण (२०४३), *पाँचसय वर्ष,* काठमाडौँ : साझा प्रकाशन ।

बज्राचार्य, धनव्रज (२०३९/०४०), "चन्द्रप्रभावतीदेवीको लिखत", *कन्ट्रिब्युसन टु नेप्लिज स्टडिज,* १०.१-२ पृ. १११ ।

बज्राचार्य, धनवज्र र श्रेष्ठ, टेकबहादुर (२०१९), *इतिहास संशोधनको प्रमाण प्रमेय, पहिलो भाग,* काठमाडौँ : जगदम्बा प्रकाशनमाला सत्ताइसौँ ग्रन्थ ।

बज्राचार्य, धनवज्र र श्रेष्ठ, टेकबहादुर (२०३२), *नुवाकोटको ऐतिहासिक रूपरेखा,* काठमाडौँ : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि. ।

बज्राचार्य, धनबज्र र श्रेष्ठ, टेकबहादुर (२०३७), *शाहकालका अभिलेख, पहिलो भाग,* काठमाडौँ : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि. ।

बराल, ईश्वर (२०३०), *सयपत्री,* ललितपुर : साझा प्रकाशन ।

बराल, ईश्वर (२०४३), *सयपत्री,* ललितपुर : साझा प्रकाशन ।
यात्री, पूर्णप्रकाश नेपाल (२०३४), *सेतीका तारा,* विराटनगर : हिमाली सौगात प्रकाशन ।
योगी, नरहरिनाथ (२०१२/०१३), *इतिहास प्रकाश* भाग १,मृगस्थली : इतिहास प्रकाश सङ्घ ।
योगी, नरहरिनाथ (२०२२), *इतिहास प्रकाशमा सन्धिपत्र सङ्ग्रह,* काठमाडौँ : गोरक्ष प्रकाशनमाला ।
साङ्कृत्यायन, राहुल (२०१३), *मध्य एसियाका इतिहास खण्ड १,* पटना : विहार राष्ट्रभाषा परिषद् ।
सुवेदी, राजाराम (२०५५), *गुल्मीको ऐतिहासिक झलक,* गुल्मी : किरण पुस्तकालय ।
Beams, John (1872), *A Comparative Grammar of the Modern Aryan Languages of India,* London : Trubner.
Chatterji, SK (1926), *The Origin and development of the Bengali Language,* Calcutta : Calcutta University Press.
Joshi, Laksmi Datt (1984). *Tribal Peoples of the Himalayas: A study of The Khassas***,** Delhi : Mittal Publications.

**लेखक**

**डा. यमनाथ तिमिल्सिना** त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पसका सहप्राध्यापक हुनुहुन्छ । डा. तिमिल्सिनाले नेपाली विषयमा एमए र 'नेपाली अभिलेखीय शब्दको अध्ययन' (२०६३) शीर्षकमा विद्यावारिधि गर्नु भएको छ । नेपाली भाषा र भाषाविज्ञान सम्बन्धमा डा. तिमिल्सिनाका शोधग्रन्थ र अनुसन्धानमूलक लेखहरू प्रकाशित भएका छन् ।